# स्थानीय राजपत्र

## इन्द्रसरोवर गाउँपालिकाद्धारा प्रकाशित

खण्ड ४ संख्या ४ मिति २०७७/७/९

# शिक्षण स्वयंसेवक परिचालन सम्बन्धी कार्यविधि २०७७

कार्यपालिकका बाट स्वीकृत मितिः २०७७/०७/०४ गते

**प्रस्तावना :-**

यस गाउँपालिका भित्रका शिक्षक/विद्यार्थी अनुपात धेरै भएका, प्रचलित कानुन तथा मापदण्ड बमोजिम शिक्षक दरबन्दी अपुग भएका वा शिक्षक दरबन्दी नभएका कारणबाट सामुदायिक विद्यालयमा शिक्षक सुत्केरी विदा बस्नु पर्ने भएको शिक्षक अभावलाई शिक्षण

स्वयंसेवकका रुपमा प्रभावकारी र पारदर्शी ढंगले परिचालन गरी सम्बोधन गर्न वाञ्छनीय भएकाले,

इन्द्रसरोवर गाउँ कार्यपालिकाले यो स्वयंसेवक शिक्षक परिचालन सम्बन्धी कार्यविधि, २०७७बनाई लागू गरेको छ ।

## परिच्छेद १:- प्रारम्भिक

### १. संक्षिप्त नाम, प्रारम्भ र प्रयोग

(क) यो कार्यविधिको नाम इन्द्रसरोवर स्वयंसेवक शिक्षक परिचालन सम्बन्धी कार्यविधि, २०७७ रहेको छ।

(ख) यो कार्यविधि इन्द्रसरोवर गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालय तथा बालविकास केन्द्रहरूमा स्वयंसेवक परिचालन सम्बन्धी प्रयोजनमा लागू हुनेछ।

(ग) यो कार्यविधि स्वीकृत गरेको मिति देखि प्रारम्भ हुनेछ ।

## २. परिभाषा

(क)"ऐन" भन्नाले इन्द्रसरोवर गाउँपालिका शिक्षा ऐन, २०७५ सम्झनुपर्दछ ।

(ख)"स्वयंसेवक" भन्नाले यस कार्यविधि बमोजिम नियुक्त स्वयंसेवकशिक्षक सम्झनुपर्दछ ।

(ग)"शिक्षा शाखा" भन्नाले इन्द्रसरोवर गाउँपालिका अन्तर्गतको शिक्षा शाखा सम्झनुपर्दछ ।

(घ)"कार्यविधि" भन्नाले इन्द्रसरोवर गाउँपालिका शिक्षण स्वयंसेवक परिचालन सम्बन्धी कार्यविधि, २०७७ सम्झनुपर्दछ ।

(ङ) "समिति" भन्नाले दफा ४ बमोजिम गठित शिक्षण स्वयंसेवक तथा परिचालन समिति सम्झनुपर्दछ ।

(च) "कार्यालय" भन्नाले इन्द्रसरोवर गाउँकार्यपालिकाको कार्यालय सम्झनुपर्दछ ।

(छ)"प्रमुख प्रशासकीय अधिकृत" भन्नाले इन्द्रसरोवर गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्दछ ।

(ज)"गाउँशिक्षा समिति" भन्नाले इन्द्रसरोवर गाउपालिकाको गाउँ शिक्षा ऐन अनुसार गठित शिक्षा समिति सम्झनुपर्दछ ।

(झ)"शिक्षा शाखा प्रमुख" भन्नाले इन्द्रसरोवर गाउँपालिकाको शिक्षा शाखामा प्रमुखको रुपमा काम गर्ने अधिकृत कर्मचारी सम्झनुपर्दछ ।

**३. स्वयंसेवक परिचालनको उद्देश्य तथा क्षेत्रः-**

(१) स्वयंसेवक परिचालनको उद्देश्य तथा क्षेत्र देहायबमोजिम हुनेछ :

(क) विद्यालयको शिक्षक अभावलाई आंशिक रुपमा परिपूर्ति गर्नु ।

(ख) शिक्षित युवालाई स्वयंसेवा मार्फत् सेवा गर्ने मौका उपलब्ध गराई व्यवहारिक तथा जिवनोपयोगी सीप एवं ज्ञान प्राप्त गर्ने अवसर प्रदान गर्नु ।

(ग) युवा वर्गमा शिक्षण सीप, दक्षता र नेतृत्वको विकासको अवसर उपलब्ध गराउनु ।

(घ) विद्यालयस्तरको शैक्षिक गुणस्तर अभिवृद्धीमा सहयोग पुर्याउनु ।

(२) शिक्षक अपुग भएका वा शिक्षक दरवन्दी नभएका गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालय शिक्षण स्वयंसेवक परिचालनको क्षेत्र रहनेछ ।

## परिच्छेद २:-

## शिक्षण स्वयंसेवक समन्वय तथा परिचालन र छनौट समिति सम्बन्धी व्यवस्था ।

**४. शिक्षण स्वयंसेवक समन्वय तथा परिचालन समिति :-**

(१) शिक्षण स्वयंसेवक परिचालन तथा समन्वयकारी भुमिका निर्वाह गर्न गाउँपालिकामा एक शिक्षण स्वयंसेवक समन्वय तथा परिचालन समिति रहनेछ ।

(२) उपदफा(१) बमोजिमको समितिको गठन देहाय बमोजिम हुनेछ ।

(क) गाउँपालिका अध्यक्ष - संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग)सामाजिक विकास समिति संयोजक - सदस्य

(घ) आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य

(ङ) शिक्षा शाखा प्रमुख - सदस्य सचिव

(३) समितिको काम, कर्तव्य र अधिकार

(क) शिक्षण स्वयंसेवक शिक्षकको संख्या र शिक्षण विषयको पहिचान गर्ने ।

(ख) स्वयंसेवकको व्यवस्थापन सम्बन्धी योजना तथा कार्यक्रम स्वीकृत गर्ने ।

(ग) शिक्षण स्वयंसेवक सम्बन्धी कार्यक्रमको अनुगमन तथा मुल्याङ्कन गर्ने,गराउने।

५.स्वयंसेवक शिक्षक छनौट समितिः-

(१) शिक्षक स्वयंसेवक छनौट गरी सिफारिस गर्न एक स्वयंसेवक शिक्षक छनौट समिति रहनेछ।

(२) उपदफा (१) बमोजिम समितिको गठन देहाय बमोजीम हुनेछ ।

(क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक

(ख) दफा ४ को समितिले मनोनयन गरेको सम्बन्धित विषय विज्ञ १ जना - सदस्य

(ग) शिक्षा शाखा प्रमुख -सदस्य सचिव

(३) समितिको काम, कर्तव्य र अधिकार

क. शिक्षण स्वयंसेवकको लागि आवेदन दिएका उम्मेदवारहरुको सूचीकरण गरी प्रारम्भिक सूचीप्रकाशन गर्ने ।

ख. दफा १० को मापदण्डको आधारमा अन्तिम सूची प्रकाशन गरी दफा ४ बमोजिमको समितिमा सिफारिस गर्ने ।

## परिच्छेद -३:-

शिक्षण स्वयंसेवकको संख्या निर्धारण, छनौट तथा नियुक्ती सम्बन्धी व्यवस्था

६. **स्वयंसेवक संख्या निर्धारण** :- समितिले शिक्षक दरबन्दी अपुग भएमा अथवा नभएमा विद्यालयको पहिचान गरी विषय शिक्षकको माग सङ्कलन गरी

विनियोजित बजेटको परिधिभित्र रहि स्वयंसेवकको संख्या निर्धारण गर्ने ।

**७. स्वयंसेवकको आवेदन सम्बन्धी व्यवस्था :-**

(१)दफा ४ बमोजिमको समितिले राष्ट्रिय दैनिक पत्रिकामा कम्तीमा सात दिनको म्याद दिई सार्वजनिक सुचना प्रकाशन गरी आव्हान गर्नेछ ।

(२) दफा (९) बमोजिमको योग्यता भएको व्यक्तिले अनुसुची -१ बमोजिमको ढाँचामा कार्यालयमा आवेदन दिनु पर्नेछ ।

**८. सूचीकृत गर्ने :-**

(१) दफा (५) बमोजिमको समितिले कार्यालयमा रितपुर्वक दर्ता भएका आवेदनको छानविन तथा रुजु गरी विषयगत रुपमा एकीकृत विवरण तयार गरी सूचीकृत गरी प्रकाशन गर्ने ।

(२) उपदफा (१) बमोजिमको सूची, १ वर्षसम्म मान्य हुनेछ ।

९. **स्वयंसेवक हुन चाहने योग्यता** :-स्वयंसेवक हुन देहायको योग्यता हुन पर्नेछ ।

(क) नेपाली नागरीक,

(ख) १८ वर्ष पुरा भइ ४० वर्ष ननाघेको,

(ग) मान्यताप्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा आधारभूत तहको लागि प्रविणता प्रमाणपत्र तह र माध्यमिक तहको लागि स्नातक तह वा सो सरह उत्तीर्ण गरेको हुनुपर्नेछ ।

१०.**स्वयंसेवक छनौट** :- दफा ५ बमोजिमको समितिले स्वयंसेवक छनौटका लागी दफा ८ बमोजिमको सूचीकृत उम्मेदवारहरु देहायका आधारमा मुल्याङ्कन गरी आवश्यक संख्यामा स्वयंसेवकहरु दफा ४ बमोजिमको समितिलाई सिफारिस गर्नेछ ।

(क) तोकिएको न्युनतम शैक्षिक योग्यता प्राप्त लब्धाङ्क प्रतिशत बापत -५० अंक

(ख) न्युनतम भन्दा माथिल्लो शैक्षिक योग्यता बापत -१० अंक

(ग) विद्यालयमा शिक्षण अनुभव बापत प्रतिवर्ष २ अकंका दरले बढिमा-१० अंक

(घ) सम्बन्धित गाउँपालिकाको स्थायी बासिन्दा भएमा -१० अंक

(ङ) अन्तर्वाता बापत -२० अंक

(च) दफा १० को (क) बमोजिम न्यूनतम शैक्षिक योग्यताको प्राप्त लब्धांक प्रतिशत बापत ५० अंक निर्धारण देहाय अनुसारको सुत्रको प्रयोग गरी गर्नु पर्नेछः

$$\frac{\text{न्यूनतम शैक्षिक योग्यताको प्राप्त लब्धांक प्रतिशत}}{100} \times 50$$

**११. समितिले आवश्यक देखेका खण्डमा लिखित परीक्षा सञ्चालन गर्न सक्ने ।**

**१२. अन्तिम योग्यताक्रमको सूची प्रकाशन गर्ने :-**

(१)दफा (५) बमोजिमकोसमितिले दफा (१०) को आधारमा मुल्याङ्कन गरी उम्मेदवारहरुको अन्तिम योग्यताक्रमको सूची प्रकाशन गर्ने ।

(२)सूचीबाट सबैभन्दा बढी अंक प्राप्त गर्ने आवश्यक संख्यामा उम्मेदवारहरुलाई छनौट गरी दफा (४) बमोजिमकोसमितिमा सिफारिस गर्ने र समितिले विद्यालय तोकी कार्यालयलाई सिफारिस गर्ने ।

(३) उपदफा (२) बमोजिम सिफारिस भइ आएका उम्मेदवारहरुलाई कार्यालयलेअनुसूची २ बमोजिम करार सम्झौता गरीनियुक्ति पत्र दिई विद्यालयमा सिफारिस गर्ने ।

(४) उपदफा (२) बमोजिम खटिइ आएका उम्मेदवारलाई विद्यालयले हाजिर गराई काममा लगाउने सोको जानकारी कार्यालयमा गराउने ।

(५) रिक्त पदका लागी उम्मेदवार छनौट गरीसकेपछि बाँकि रहेका सबै उम्मेदवार वैकल्पिक सूचीमा रहनेछन् । कुनै कारणले १ वर्ष भित्र पद रिक्त भएमा वैकल्पिक सूचीबाट उम्मेदवार सिफारिस गर्ने ।

(६) छनौट भएका उम्मेदवार सात दिन भित्र खटाइएको विद्यालयमा हाजिर नभएमानियुक्ती स्वतः बदर हुनेछ र वैकल्पिक उम्मेदवारलाई सिफारिस गरिनेछ।

(७) स्वयंसेवकले कुनै कारणबस कार्य अवधि पुरा नहुँदै सेवा छोड्नुपर्ने भएमा १ महिना अगाडि नै कार्यालयलाई जानकारी गराउनुपर्नेछ ।

(८) सम्झौता अवधि बढीमा एक आर्थिक वर्षका लागि गर्न सकिनेछ ।

## १३. स्वयंसेवकको काम, कर्तव्य र अधिकार :-

(क) हप्तामा न्यूनतम ३० पिरियड अध्यापन गर्नुपर्नेछ ।

(ख) विद्यालयले तोकेका अन्य कार्यहरू गर्नुपर्नेछ ।

## १४. स्वयंसेवकको अवकाश सम्बन्धी व्यवस्था :-

(१) स्वयंसेवकलाई देहाय बमोजिमको अवस्थामा प्रमुख प्रशासकीय अधिकृतले अवकाश दिन सक्नेछ ।

(क) सम्झौता बमोजिम अवधि समाप्त भएमा ।

(ख) स्वेच्छिक रुपमा अवकाश लिन इच्छा गरी शिक्षा शाखा प्रमुख समक्ष लिखित निवेदन दिएमा।

(ग) शारिरीक अस्वस्थताको कारण विद्यालयमा उपस्थित भई नियमित कामकाज गर्न असमर्थ भएमा ।

(घ) खराब आचरण प्रदर्शन गरेमा ।

(ङ) बिना सुचना ७ दिनसम्म विद्यालयमा अनुपस्थित भएमा ।

(२) सन्तोषजनक रुपमा कार्य सम्पादन नगरेमा व्यवस्थापन समितिले प्रयाप्त आधार र प्रमाण सहित सिफारिस गरेको स्वयंसेवकलाई प्रमुख प्रशासकीय अधिकृतले समितिमा निर्णय गरी हटाउन सकिनेछ । तर त्यसरी हटाउनु अघि निजलाई सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

## परिच्छेद -४:-

**१५. सेवा सर्त :-**

(१) कार्यअवधि एक आर्थिक वर्षको हुनेछ ।

(२) सम्झौतामा तोकिए बमोजिमको कार्य अनिवार्य रुपमा गर्नुपर्नेछ ।

**१६. सुविधा :-** स्वयंसेवकलाई तपशिलको मासिक निर्वाह भत्ता दिइनेछ ।

| | | |
|---|---|---|
| आधारभूत तह | १-५ | :-१५,०००/- |
| आधारभूत तह | ६-८ | :-२०,०००/- |
| माध्यमिक तह | ९-१० | :-२५,०००/- |
| माध्यमिक तह | ११-१२ | :-३०,०००/- |

**१७. स्वयंसेवकको बिदा:-**

(क) प्रत्येक महिना एक दिन भैपरि आउने बिदा/पर्व बिदा

(ख) किरीया बिदा (आफु किरीया बस्नु परेमा)

-१५ दिन

(ग) सुत्केरी बिदा

-९८ दिन

(घ) बिदाको स्वीकृती सम्बन्धित प्रधानाध्यापकले गर्नेछ ।

## परिच्छेद -५ विविधः-

**१८. स्वयंसेवकले पालना गर्नुपर्ने आचारसंहिता :-** स्वयंसेवकले देहाय बमोजिमको आचार संहिता पालना गर्नुपर्नेछ ।

(क) आफुले गरेको सम्झौता अनुसारको कार्य इमान्दारीपुर्वक सञ्चालन गर्ने ।

(ख) निर्धारीत समयमा नियमितरुपले विद्यालयमा आए गएको समय जनाई हाजिर गर्ने र पहिले बिदाको अनुमति नलिई विद्यालयमा अनुपस्थित नहुने ।

(ग) कुनै भाषा, धर्म तथा सम्प्रदाय विरोधी भावना शिक्षक तथा विद्यार्थी समक्ष फैलाउन नहुने ।

(घ) गाउँपालिकाको नियम कानुन विपरितको कार्य नगर्ने ।

(ङ) कुनै पनि राजनैतिक दलको गतिविधिमा संलग्न नहुने ।

(च) इमान्दानर, शिष्ट, नम्र, पारदर्शी र सदाचार व्यवहार अवलम्बन गर्ने ।

**१९. अनुगमन तथा प्रतिवेदनः-**

(१) स्वयंसेवकले गरेको कार्यको नियमित अनुगमन सम्बन्धित प्रधानाध्यापकबाट हुनेछ ।

(२) प्रधानाध्यापकले उपदफा (१) बमोजिमको अनुगमन प्रतिवेदन र प्रमाणित हाजिर सहित तलबि माग फारम मासिक रुपमा कार्यालयमा पठाउनु पर्नेछ ।

(३) प्रधानाध्यापकद्वारा स्वयंसेवकले गरेका कार्यको नियमित अनुगमन भए नभएको विषयमा आवश्यकता अनुसार कार्यालयले स्थलगत अनुगमन गर्न सक्नेछ ।

२०. **बाझिएमा अमान्य हुनेछ :-** यस कार्यविधिको कुनै व्यवस्था प्रचलित कानुनसँग बाझिएमा बाझिएको हदसम्म कार्यविधिको व्यवस्था अमान्य हुनेछ ।

# अनुसूची - १

(दफा ७ को उपदफा (२) सँग सम्बन्धीत)

इन्द्रसरोवरगाउँ कार्यपालिकको कार्यालय

कुलेखानी, मकवानपुर

बागमती प्रदेश, नेपाल

## **स्वयंसेवक शिक्षकको लागि दरखास्त फाराम**

| **तह** | | **विषय** | |
|---|---|---|---|

(क) वैयक्तिक विवरण

<table>
<tr><td rowspan="3"></td><td rowspan="2">नाम थर</td><td>(देवनागरीमा)</td><td colspan="3"></td></tr>
<tr><td>(अंग्रेजी ठूलो अक्षरमा)</td><td colspan="2"></td><td>लिङ्ग:</td></tr>
<tr><td colspan="2">नागरिकता नं:</td><td colspan="2">जारी गर्ने जिल्ला :</td><td>मिति :</td></tr>
<tr><td>स्थायी ठेगाना</td><td>क) जिल्ला</td><td colspan="2">ख) न.पा./गा.पा.</td><td colspan="2">ग) वडा नं</td></tr>
<tr><td></td><td>घ) टोल :</td><td colspan="2">ङ) मार्ग/घर नं. :</td><td colspan="2">च) फो नं.</td></tr>
</table>

| | |
|---|---|
| पत्राचार गर्ने ठेगाना : | ईमेल |
| बाबुको नाम, थर : | जन्म मिति : (वि.सं.मा) (ईस्वि संवतमा) |
| बाजेको नाम, थर : | हालको उमेर : वर्ष महिना |

(ख) शैक्षिक योग्यता/तालिम (दरखास्त फाराम भरेको पदको लागि चाहिने आवश्यक न्यूनतम शैक्षिक योग्यता/तालिम मात्र उल्लेख गर्ने)

| **आवश्यक न्यूनतम योग्यता** | **विश्वविद्यालय/बोर्ड/तालिम दिने संस्था** | **शैक्षिक उपाधि/तालिम** | **संकाय** | **श्रेणी/प्रतिशत** | **मूल विषय** |
|---|---|---|---|---|---|
| शैक्षिक योग्यता | | | | | |
| | | | | | |
| तालि | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| म | | | | | |

## (ग) अनुभव सम्बन्धी विवरण

| कार्यालय | पद | सेवा/समूह/उपसमूह | श्रेणी/तह | स्थायी/अस्थायी/करार | अवधि | |
|---|---|---|---|---|---|---|
| | | | | | देखि | सम्म |
| | | | | | | |
| | | | | | | |

मैले यस दरखास्तमा खुलाएका सम्पूर्ण विवरणहरु सत्य छन् । दरखास्त बुझाएको पदको सूचनाको लागि अयोग्य ठहरिने गरी कुनै सजाय पाएको छैन । कुनै कुरा ढाँटे वा लुकाएको ठहरिएमा प्रचलित कानून बमोजिम सहनेछु/बुझाउनेछु । उम्मेदवारले पालना गर्ने भनी प्रचलित कानून तथा यस दरखास्त फारामका पृष्ठहरुमा उल्लेखित सबै शर्त तथा नियमहरु पालना गर्न मन्जुर गर्दछु । साथै करारमा उल्लेखित शर्तहरु पूर्ण रुपमा पालना गर्नेछु र करारको समयभन्दा अगावै करारको अन्त्य गर्दा कम्तिमा ३ महिनाको पूर्व सूचना दिई कार्यालयमा निवेदन दिनेछु ।

| उम्मेदवारको औँठा छाप | | उम्मेदवारको दस्तखत |
|---|---|---|
| दायाँ | बायाँ | |

<table>
<tr><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td>मिति:</td></tr>
<tr><td colspan="3">कार्यालयले भर्नेः</td></tr>
<tr><td>रसिद/भौचर नं. :</td><td colspan="2">रोल नं. :</td></tr>
<tr><td colspan="3">दरखास्त अस्वीकृत भए सो को कारण :</td></tr>
<tr><td>रुजु गर्नेको नाम :<br>दस्तखतः<br>मिति :</td><td>स्वीकृत/अस्वीकृत गर्नेको दस्तखत<br>मिति :</td><td></td></tr>
</table>

द्रष्टव्य : दरखास्त साथ सूचनामा उल्लेखित लगायत निम्नलिखित कागजातहरु अनिवार्य रुपमा उम्मेदवार आफैले प्रमाणित गरी पेश गर्नु पर्नेछ ।

(१) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, (२) समकक्षता र सम्बद्ध आवश्यक पर्नेमा सो को प्रतिलिपि, (३) न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि, तालिम र अनुभव आवश्यक पर्नेमा सो समेतको प्रतिलिपि, आदि ।

# अनुसुची-२

## (दफा १२ को उपदफा (३) सँग सम्बन्धीत)

## सम्झौता पत्र

श्री इन्द्रसरोवर गाउँपालिकाको कार्यालय (यसपछि "प्रथम पक्ष" भनिने) र .............................. गाउँपालिका/नगरपालिका/उ.म.न.पा./म.हा.न.पा. वडा न. ......... स्थायी ठेगाना भई हाल .............. ............ गाउँपालिका/ नगरपालिका/ उ.म.न.पा./म.हा.न.पा. वडा न. ......... बस्ने श्री ................ ................... .............. (यसपछि "दोस्रो पक्ष" भनिने) बीच शिक्षण स्वयंसेवकको रुपमा मिति ................ .... देखी ......... ......... ... सम्म ....... ....................... विषयमा शिक्षण कार्य गर्न भएको सम्झौता-पत्र ।

(१) प्रथम पक्षले गर्नुपर्ने कार्यहरु :-

क. स्वयंसेवक शिक्षक परिचालन सम्बन्धी कार्यविधि,२०७७ को दफा १६ बमोजीम निर्वाह भत्ता बापतको रकम उपलब्ध गराउने ।

ख. स्वयंसेवक शिक्षक परिचालन सम्बन्धी कार्यविधि,२०७७ को दफा १७ बमोजिमको बिदाको सुविधा उपलब्ध गराउने ।

ग. स्वयंसेवक शिक्षक परिचालन सम्बन्धी कार्यविधि,२०७७ को आचारसंहीता पालना गराउने ।

(२) दोस्रो पक्षले पालना गर्नुपर्ने शर्तहरु :-

क. विद्यालयमा नियमित उपस्थित भई विद्यालयको पठनपाठनमा सहभागी हुनुपर्ने ।

ख. अतिरिक्त क्रियाकलाप लगायत विद्यालयले दिएको अन्य जिम्मेवारी पुरा गर्ने ।

ग. स्वयंसेवक शिक्षक परिचालन सम्बन्धी कार्यविधि, २०७७ बमोजिम स्वयंसेवकको आचारसंहिता पालना गर्ने ।

घ. निर्वाह भत्ता बाहेक अन्य कुनै प्रकारको सेवा र सुविधा दावी नगर्ने ।

**इन्द्रसरोवर गाउँपालिकाको तर्फबाटदोस्रो पक्ष (करार गर्ने व्यक्ति):**

हस्ताक्षर : हस्ताक्षरः

नाम : नाम :

पद: ठेगाना :

कार्यालयको छापः

**आज्ञाले**

**किरण निधि तिवारी**

**प्रमुख प्रशासकीय अधिकृत**

खण्ड ४ संख्या ४ मिति २०७७/७/९

# इन्द्रसरोवर गाउँपालिका मकवानपुरको शिक्षण स्वयंसेवक परिचालन सम्बन्धी कार्यविधि, २०७७

मुल्य रु.१०